# सूचना !    सूचना !!    सूचना !!

## बाग्मती नदी सौन्दर्यीकरण अभियानमा सहभागी हुने बारे

बाग्मती नदीलाई जीवन्त तुल्याउने र यसको स्वच्छता, पवित्रता कायम गाराई सौन्दर्यीकरण गर्ने उद्देश्य अनुरुप नेपाल सरकारबाट नदीको दुवै किनारमा भौतिक निर्माण (रिभर ट्रेनिङ्ग, ढल पाईप व्यवस्थापन, सडक तथा उद्यान र हरियाली प्रबर्द्धन गर्ने उद्देश्यले वृक्षारोपण) कार्य भइरहेको छ भने व्यक्तिगत, सरकारी, गैर-सरकारी संघ/संस्थाहरुको उल्लेखनीय सहभागितामा बाग्मती नदी सफाई सामुहिक अभियानको रुपमा प्रत्येक शनिवार संचालित छ ।

बाग्मती नदीको सौन्दर्यीकरण र सोको दिगो व्यवस्थापन गराउन धेरै भन्दा धेरै संघ/संस्थाहरुलाई सामाजिक दायित्व निभाउन यस अभियान (उद्यान निर्माण र वृक्षारोपण) मा सहभागी गराउने र सबैले अपनत्व ग्रहण गर्ने अवसर मिलोस् भन्ने अभिप्रायले ईच्छुक संघ/सस्थाहरुलाई **"हाम्रो बाग्मती स्वच्छ बाग्मती"** अभियानमा सहयोग, सहकार्य, सहभागिता र अपनत्व ग्रहण गर्न आव्हान गरिन्छ ।









**अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति**
**गुह्येश्वरी फाँट, काठमाण्डौ**

मितिः ........................

श्रीमान् आयोजना प्रमुखज्यू,

अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति

गुह्येश्वरी फाँट, काठमाडौं ।

**विषयः उद्यान, वृक्षारोपण कार्यको लागि जग्गा उपलब्ध गराई पाउँ बारे ।**

उपरोक्त विषयमा यस संघ/संस्था/कार्यालयबाट बाग्मती नदी किनारमा उद्यान, वृक्षारोपण गर्न इच्छुक भएकोले तपसिलमा उल्लेखित कागजात पेश गरेका छौं । सो अनुरुप जग्गा उपलब्ध गराइदिन हुन अनुरोध छ ।

**तपसिल**

१. संस्थाको प्रोफाइल

२. संस्था दर्ता प्रमाण पत्र

३. संस्थाको विधान

निवेदक,

.................................

.......................